# लाली

खण्डकाव्य



ऋषिराम न्यौपाने

# लाली

(खण्डकाव्य)

ऋषिराम न्यौपाने

**कितापको नाम:–** लाली ।

**लेख्ने:–** ऋषिराम न्यौपाने ।

**बटुल्ने:–** घर–बूढी, श्रीमती हाकिनी, जानकी न्यौपाने ।

**छपाउने:–** न्यौपाने प्रकाशन, ललितपुर, चापागाउँ ।
पो. ब. नं. ११९ ललितपुर, फोन. नं. ☎

**अक्षर केलाउने:–** केदारनाथ न्यौपाने र केशव न्यौपाने ।

**छाप्ने:–** लुष प्रेस, नयाँ बानेश्वर, फोन. ४–७३५८६ ।

**थान:–** नौ सय उनान्सय (९९९) ।

**प्रकाशन मिति:–** २०५३ असार १४ गते ।

**संस्करण:–** पहिलो ।

**मोल:–** चौध रूपियाँ चानचून मात्र ।
(१४/९९ सुपथ मूल्य)

**बेच्ने:–** 'राष्ट्रिय सहकारी विकास वोर्ड' अन्तर्गत
साझा प्रकाशनका सन्तान दरसन्तान ।

**सर्वाधिकार:–** छोराछोरीमा बराबर ।

**पढ्ने:–** (पाठ गर्ने) अखिल–नेपाल–भाषा–भाषी ।

**धन्यवाद:–** मुखले ठिक्क– कामले दिक्क पार्नेहरूलाई ।

**समर्पण:–** गुर्जुको पल्टन / मिश्र–मण्डलीलाई ।

## १.

हिमाली नदी  तुल्य लाली सुसाई
कलामा डुलून्  फूल झैं मुस्कुराई
ढलून् रात काला उदाउँन् प्रभात
खुलून् भावनामा भुजङ्ग – प्रयात

उनैका कुरा धारणा चल्मलाए
धरामा उज्याला छटा झल्मलाए
भयो मिर्मिरे पल्टिए चोर किन्तु
उठे चोरका बाउ उस्तै परन्तु

मिले चोर चण्डालको मान पाई
ढले निर्धनी खान सम्मै नपाई
कहाँ देशले शान्तिको सास पायो ?
चुसाहा उठे चोरले साथ पायो

छुटें चोर, चण्डाल, पाखण्डवादी
विदेशीमुखी बम्किए देशघाती
उठे माथि पापी, हरामी, लफङ्गा
सधैं भाषणै मात्र छाँट्ने धतङ्गा

लुटाहाहरू लुट्नमा व्यस्त हुन्छन्
"म नै हुँ" सधैं धूनमा मस्त हुन्छन्
नबन्ने भयो काम, कानून राम्रो
भयो शासनारूढ ढोंगी नराम्रो

जुको तन्कियो, डाँस बिच्छी रमाए
उज्याला कला सन्धिभित्रै हराए
नदी बेचिए उच्च उद्योगधन्दा
बनाए निजी मित्रका दान चन्दा

स्वदेशीमुखीलाई मंट्याइँदै छ
तगारो कडा वार बग्ल्याइँदै छ
विदेशी हुली देशको शान हर्नं
भए बापती घोर आतङ्क गर्नं

पुराने प्रथा ऐन छन् लादिएका
नयाँ चाहने खोरमा खाँदिएका
हिजो झैं अवस्था नराम्रो हुँदै छ
गुनी दुर्दशा अन्तरात्मा रुँदै छ

□

## २.

कडा रापले कर्कलो झैं गलेका
थियौं तापले, चिन्तनाले ढलेका
उठे भावना सत्यता छान्नुपर्छ
फुरे भावना छन्दको छाप पर्छ

खुलाई व्यथा राखिदै छन् कथामा
कुनै देखिएनन् मुसार्ने व्यथामा
धुने वेदना भावना देखिएनन्
सँगाती थिए संझना लेखिएनन्

लुकेका अनेकौं कुरा छन् कहानी
दिने मुक्तिका काममा घाम-पानी
उघार्दै गए सत्य संदेशलाई
उज्याली उषा हेर्दछिन् देशलाई

सुनौला कला अन्तरात्मा उघार्छन्
लिए प्रेरणा मार्ग राम्रै सुधार्छन्
कलातुल्य लाली थिइन् कर्म गर्दै
उठाई दु:खीलाई सद्भाव छर्दै

पिताले भने सम्झदै खेत वारी-
"थियो गोठका साथ वस्ने कटेरी
मनै लोभिने शैलका काखभित्र
सुधातुल्य पानी वहन्थिन् पवित्र

भरोषा गरी सर्वदा पाखुराको
लगाई कुचो जालमा माकुराको
फलाई सफा खेतमा अन्नवाली
खुशीसाथ बस्थें म बेथा पखाली

पसीना लगाएर खाने फलाई
तिमी पाउँदा हर्ष लाग्यो मलाई
सबै मान्दछन् हर्ष सन्तान पाए
मनै रुन्छ छोरा र छोरी नपाए

तिमीलाई पाएर आमा खुशाइन्
नदी कल्कलाएर हाँसी सुसाइन्
बगे स्नेहका दुग्ध-गङ्गा पवित्र
उठे भावमा घाम झैं भित्र भित्र

चलाई हलो सम्म पारेर बारी
छरे बीज पाइन्छ आनन्द भारी
सबै बन्दछन् काम सामर्थ्य लाए
सुखी हुन्छ मान्छे पसीना बगाए

दुवै गर्दथ्यौं काम राम्रै खटेर
व्यथा, वेदना सामु पर्दा डटेर
बढादैं थियौं दुर्व्यवस्था, अभाव
लिँदै दम्पती स्वादिलो साम्यभाव''

थिइन् बालिका प्रेमकासाथ सुन्दै
सुने झैं कथा भावना वस्तु गुन्दै
भनिन् "के भयो फेरि" चाञ्चल्य बन्दै
वसे आँसु झारेर वृत्तान्त भन्दै

"विना दोषमा दुष्टले दोष लाई
थुनाए लगी जेलमा नेल लाई
लिए हुमंतै लाञ्छनामा मुछेर
लिए खेत, बारी, घडेरी लुछेर

'ढलाई वनैलाई पार्‍यो सखाप'
भनी उफ्रिए देशमारा नवाफ
अनेकौं रची दोष लाई हजार
मलाई गरे भाँति–भाँति प्रहार

लगाएर मुद्दा पिराहा रमाए
गरुँ के म छोरी ! त्यसै दोष लाए
हराए सबै मामिलामा मलाई
निले घूसले न्याय इन्साफलाई

छलीले छली खेत खर्लप्प खाए
घडेरी उठाएर गाई धपाए
सँधै हेप्दछन् दुष्ट निर्दोषलाई
भयो मुश्किलै गाउँमा बस्नलाई

रुँदै ओर्लियौं बाध्यतासाथ छोरी
अनेकौं व्यथाका बटारेर डोरी
चहार्‍यौं दशौं ठाउँ आवासहीन
नपाई नियाँ हौं भएका मलीन"

□

## ३.

पुगेका थिए देश छोडी विदेश
रुँदै फर्किए संझनाले 'स्वदेश'
स्वदेशी हवा, स्वादिलो घाम, पानी
कहाँ भुल्दछन् देशका स्वाभिमानी

वनी गर्दथे खानलाई नपुग्दा
त्यसै ढल्दथे भोकले आँत सुक्दा
निकाल्थे कुरा आँसु झारेर "छोरी !
खुनीले चुसे रक्त हाम्रो निचोरी"

सहेका थिए वेदनाको तुषारो
बसी भोकभोकै नखाई उधारो
उधारो दिने भेटिने पो कहाँ र ?
सके लुट्दछन् बुर्जुवा बार बार

दुःखीलाई हेर्दैन कालो बजार
मुनाफा लिने दाउ गर्ने हजार
हजारौं दिई शासनारूढलाई
बटुल्छन् लखौं भाऊ आफ्नै चलाई

सुँघो केश, गाला मुसारेर फेरि
"पढे है" भने ध्यान राखेर छोरी !
पढे पाउली जिन्दगीमा उज्यालो
उज्यालो भए रात टिक्तैन कालो

भने झैं गरी पाठशाला पठाए
बढी स्नेहले गाँस काटी पढाए
पलाए मुना ज्ञानका भिन्नभिन्न
जुही झैं सफा बालमस्तिष्कभित्र

भनिन् बाबुका साथ केही थकाई
"छुचाले लुछे खेत, बारी छकाई
सुनाए कुरो शोषिने साथि जुध्छन्
लुटाहाहरूलाई छानेर भुट्छन्

सबैका खुले भित्रका आज आँखा
उज्याला कलातर्फ लाग्छन् चनाखा
चनाखो भए घाम पाइन्छ भोली
ढले दु:ख पाइन्छ केही नबोली

बसे मौनतासाथ बाँच्नै दिदैनन्
हरामीहरू राय राम्रो लिदैनन्
विना क्रान्ति फिर्ता दिदैनन् लुटेको
हुँदै हुन्न साटो नफेरी चुटेको"

गुने बाबुले "गुन्न थाली यथार्थ
डुलोस् सर्वदा अन्तरात्मा परार्थ
लिँदै धारणा दूरगामी पवित्र
जलाई दियो मुक्तिको भित्रभित्र"

खुशीले भने स्निग्ध आँखा उचाली
गमी "गर्दछे कर्म सोचेर लाली"
सँगाल्दै गइन् क्रान्तिका भावलाई
लगाई दिलै चालु राखो पढाई

बढाइन् सफा स्नेहले साथि–भाइ
बढ्यो हौशला पालुवा झैं पलाई
इरादा उडे मुक्त आकाशमाथि
खुलाइन् कुरो स्वच्छ छानेर साथि

"भए कंस काला जुका, माकुरा झैं
चपाए कला गोरुले ग्राँकुरा झैं
रूखो पारियो राष्ट्रलाई निचोरी
सके ज्यानमै हात हाल्छन् अघोरी

रहुन्जेल अन्याय आतङ्क कालो
फिँजारिन्छ चारै कुना तर्फ जालो
जलायौं भने कर्मको ज्योति बाली
खरानी हुँदै उड्दछन् दुष्ट जाली"

□

४.

भाग
भए देशको मात्र गम्ने अनेक
उठे झैं भयो रग्मगाई विवेक
लगाई उडेकी थिइन् दिव्य लाली
उमारी जरा मुक्तिका कर्ममाली

दिंदैथिन् डटी मुक्तिमा योगदान
भुले साथिले गर्न राम्रो बखान
परेकी थिइन् त्यागिन्ती जेलभित्र
थियो भावना जेल फोर्ने पवित्र

सधैं भन्दथिन् "धीरता साँच्नुपर्छ
कडा कंसको ढाड नै भाँच्नुपर्छ"
अँध्यारो भयो किन्तु आकाश फेरि
रमाए उनै फ्याउरा स्याल फेरि

कठै ! कुल्चियो कारले क्याच्च पारी
लगे धाटमा सास जाँदा घिसारी
मलामी फिरे लाश पोली खुरुक्क
हुँदैछन् रुँदै बाल-बाला हुरुक्क

गरेनन् कसैले कठै ! खोजवीन
गमी भावना मुक्तिकामी नवीन
बित्यो जिन्दगी पातकीले खुँदेर
बचे घातको कार चढ्ने कुँदेर

भनेकी थिइन् अन्त्यमा आँसु झारी
लता झैं सफा अङ्गलाई लतारी
"नमाने पनि चित्तले स्वासलाई
रुँदै बस्तथें साँच्न सन्तानलाई"

रुँदै छन् दुखी हाय ! सन्तान राम्रा
पुगेनन् त्यहाँ सान्त्वनासम्म हाम्रा
गरून् के दुःखी सँझिने आँसु झारी
उठे तर्कना ज्वार–भाटा उमारी

रसायो कुरा वा हरायो कहानी
हरायो कहाँ मुक्तिका लोक पानी ?
पर्‍यो चित्र दोधारमा आज त्यस्तै
परे पात दोधारमा हुन्छ जस्तै

परे पात दोभानमा घुम्छ जस्तो
घुम्यो तर्कनाबाट मस्तिष्क त्यस्तो
फसेको थिइन् श्याममा वा फसायो
ममा तर्कको आँधिबेरो सुगायो

ख्से झैं भयो टाउकामा पहाड
हरायो कहाँ क्रान्तिकारी बहाड !
भुले भावना त्यागका बिसिएमा
थला पर्छ मान्छे त्यसै तर्सिएमा

मलाई उठे तर्क नाना वितर्क
लिए धीरता हुन्छ मान्छे सतर्क
नतर्की उठे धैर्यले मिल्छ शान्ति
खुले सत्यता पुग्दछन् दूर भ्रान्ति

□

## ५.

भुले भावना साथिले मानवीको
भुले झैं कथा भानुको भारवीको
थला पर्दछन् यात्रु बाटो भुलेमा
हराई घना जङ्गलैमा डुलेमा

डुली गाउँमा सोधिए मिल्छ बाटो
बुझे खुल्छ साँचो कथाको सपाटो
निकालें कुरो प्रश्न गर्दै विहान
उदासी उठी गर्न लागे बयान

"थिइन् निम्नवर्गीय छोरी धराकी
त्यसैले भइन् शत्रु जस्तै छुराकी
'छुरा' भन्दथिन् शासनारूढलाई
थियो माथ गर्ने कडा कंसलाई

स्वदेशी थियो वा विदेशी कहाँको ?
बनेको थियो शासकै, होस् जहाँको
थियो भ्रष्ट, जाली, घुस्याहा, जँड्याहा
सधैं कुल्चने टाउकामा फटाहा

फटाहा उठे दुर्व्यवस्था उठाए
सबै दुक्खीको जाय-जेथा लुटाए
भयो खप्न गाह्रो कडा अन्धकार
उठ्यो भित्र सङ्घर्षकारी विचार

उठे झैं अरू क्रान्तिकारी जुटेर
उठेकी थिइन् लाल झण्डा लिएर
कहाँ भुल्छ झापा सफा कर्मलाई
सधैं गुन्दछौं मुक्तिका मार्गलाई

मिठा भावना झल्झली सम्झदै छौं
उज्याला कला सर्वदा कल्पदै छौं
अहंकारका, गर्वका छाल छाँसी
उठेकी थिइन् मुक्तिका निम्ति हाँसी

शुभेच्छा मिठा सिर्जनाका पलाए
कला उठ्तछन् अन्तरात्मा लगाए
कलाकारले कोर्छ आकार नौलो
उठाई कला जिन्दगी झैं सुनौलो

उनैका कुरा शब्द सारांश सुन्दै
छु ऐले उनै छन्दमा शब्द उन्दै
कुरो खुल्छ साँचो बताए नढाँटी
रसाएर खोकेर खोलेर घाँटी

बढेकी थिइन् दुष्टको पोल खोल्दै
सबै साथिका साथ इन्क्लाब बोल्दै
"छलीका कडा जाल जंजाल ढल्छन्
जहाँ छात्रका शक्तिका भाव वल्छन्"

बलेकी थिइन् भावनाले उज्यालो
लुकाई सबै वेदनाका कहाली
पसीना पुछी खोल्दथिन् भाव स्वच्छ
"श्रमी सिर्जना गर्दछन् स्वच्छ स्वच्छ"

थियो शब्दमा शक्ति सामर्थ्य त्यस्तै
उज्यालो दिने चन्द्रमा सूर्य जस्तै
बुझाई कुरो निम्छरा वर्गलाई
उनी सक्दथिन् क्रान्तिमा हाँक्नलाई

जुँगा बाघका थुत्न तम्सी भिडेका
थियौं हूलका हूल हामी हिँडेका
दिएको थिइन् उच्च नेतृत्व त्यस्तै
दिँदै डुल्दथे पुष्प हाँसेर जस्तै

□

६.

चमेरो चियो छिन्छिनै गर्न लाग्यो
रिसाई निकै कंस झैं जाग्न लाग्यो
गुन्यो खोलिए पोल, खाइन्छ पल्टा
मलाई सबै हान्न थाले अगुल्टा

खुनी शासनारूढ सन्क्यो सनक्क
हुली जेलमा जल्न थाल्यो रनक्क
मुसारी जुँगा बाघ झैं ङुङुरायो
घुरी रीसले भालु झैं थुर्थुरायो

भयो चोरका निम्ति 'के गर्नु गर्नु !'
भयो खोलिने भेद केही नगर्नु
गर्‍यो गर्नुसम्मै बजाएर लात
थियो चर्कंदै खोरमा मध्यरात

थपी अग्निमा बेल चंचा कराए
खुनीलाई उन्मत्त पारी सुनाए
"घुमी गाउँ लाली अगुल्टो मिलाई
सधैं बाल्दछे मुक्तिका गीत गाई"

चुसाहा बस्यो थ्याच्च लागी अडेस
सधैं बम्कने झ्वाम्म पारेर देश
'कडा दण्डले अड्छ' गुन्ने 'कमान'
छुचो डुक्रियो दुष्ट साँढे समान

"दियो आड कस्ले र झण्डा उठायौ
विना त्रासमा मुक्तिका गीत गायौ ?
पुगेका कहाँ छन् अरू लुक्नलाई
क्षमा पाउला है बताए मलाई

लुकाए कुरो गोडिएला कपाल
छुटौला खुलायौ भने हाल चाल"
थपे भाटले– "खोल सम्पूर्ण पोल
भए चाहना मर्नलाई नबोल"

नबोली बसिन् लाल आँखा लगाई
कडा दण्डको त्रास टाढा भगाई
घुऱ्यो क्रोधले नेत्र पिलिक्क पारी
भन्यो दुष्टले बाहुला माथि सारी

"अझै भन्दिनस् भन् ल जम्मै भएको
छ नेता कहाँ गर्न के के गएको !"
लुछी खाउँला झैं गरी चलमलायो
नखोल्दा कुरा त्यो स्वयं खलबलायो

थियो मुश्लिदै मेघका साथ रात
लाग्यो लगाम्यो कडा दैत्यले फेरि लात
उठे हौसँदै गिद्ध, कौवा, मसाने
लुते श्वान, ब्वाँसा लुछी मासु खाने

अचावली भयो क्रोधले आँसु झारी
बसेकी थिइन् घाउ छामी मुसारी
थियो रक्तले पोतिएको शरीर
दिने को त्यहाँ 'ला',भनी ओखती र !

अझै उल्टियो भालु झैं फेरि घुम्दै घुर्दै
ढलेकी थिइन् रातमा घाम कुर्दै
लुछ्यो केश लाली उठिन् लाल बन्दै
बनिन् सिंहिनी 'दुष्ट पापिष्ठ' भन्दै

"तँ मा मानवी भावना छैन क्यार ?
त्यसैले ममा नित्य गर्छस् प्रहार
तँ टिक्लास् कतिञ्जेल ए ! झेल गर्दै
चुसी रक्त मेरो लुछी केश छर्दै

हुँदैनन् तँ जस्तो सबै देशभाँडा
हरामी, पिराहा, खुनी, धर्मछाडा
दुरात्मा, जिराहा, छली, बेइमान
तँ होस् पातकी, धुन्धुकारीसमान

तँ जस्तै हुँदा देश डुब्दैछ आज
गुमी देशको मर्म उल्यो समाज''
चुनौती दिंदै शासनारूढलाई
खुलाइन् गला "लुछ्न सक्छस् मलाई

परे छोडुंला देशको लागि ज्यान
कहाँ छोड्दछन् मुक्तिकामी इमान
युवा जोशका साथमा होशियार
हुनेछन् म कैं क्रान्तिमा तंतयार''

गयो घाइते बाघ जस्तै वनेर
'तँ मर्लिस्' भनी जेलभित्रै सडेर
दियो शासना, यातना बार बार
गरी बातका साथसाथै प्रहार

सियो रोपियो अङ्गमा चस्स चस्स
छरे घाउमा नून खोर्सानि छस्स
सहिन् दाँत टोकेर पीडा हजार
लिदै धीरता सम्झँदै दिव्यसार

सुखानी र भीमानको भूमि रातो
बनाए दिदै वीरले रक्त तातो
तिनै वीरका दिव्य सन्देशलाई
गुनौं सर्वदा ध्यान राम्रो लगाई

खुशीले दिए प्राण नेपाललाई
मिठो मुक्तिकामी हवेली उठाई
भनेका थिए "त्राश मानी हुँदैन
दिने ज्यान नेपाललाई रुँदैन"

फुकाएर छाती रमाएर हाँसी
भनेका थिए "ज्योति मासिन्न मासी
निभे एउटा बल्दछन् लाख लाख
उज्यालो दिने रातको हर्छ साख

स्वयं आत्तिए प्राणको मोह राखी
खुनी निल्दछन् बीज सम्मै नराखी
लगाए सफा कर्मले छाप राम्रो
सबै पक्षमा आउँछन् नित्य हाम्रो"

□

७.

थियो श्याम पैले निकै क्रान्तिकारी
ढलेको थियो जेलमा आँसु झारी
गुनेनौं कुरो विग्रदै त्यो गएको
बुझ्यौं अन्त्यमा जासुसी पो भएको

उसैले भन्यो "खोरमा दुःख पायौं
दुःखैमा डुबी जिन्दगानी बितायौं
बसौं स्नेहका साथ सम्बन्ध गाँसी
दिऊँ पोल खोलेर के भो र हाँसी !

भकुर्ने भए लातले नत्र ठोकी
गए जीवनै मिल्छ के मुक्ति घोकी ।
सबै काम फत्ते म गर्नेछु लाली ?'
उठिन् क्रोधका साथ खोलेर बोली

"कुरा सुन्न चाहन्न यस्तो नजाती
नराम्रो कुरा काम गर्छन् कुजाती"
त्यसै पर्दथ्यो भन्न त्यो तुच्छलाई
मुखैमा थुकी दुष्टको दासलाई

नजाती कुरो काम सम्झेर त्यस्को
मुखै हेर्न छोडिन् रिसाएर जस्को
लियो मूर्खले ईख उल्कै रिसाई
दियो अन्त्यमा पिर्न सम्मन् पिराई

रची शासनारूढले जाल चर्को
लगायो उसैबाट आघात अर्को
लुकी श्यामले जेलमा मध्यरात
गर्‍यो साथमा कुल्चँदै हात–पात

थियो कात्तिको कुक्कुरैतुल्य दुष्ट
भयो देशका लागि पापिष्ठ, कुष्ठ
फसेकी उनी होइनन् वासनाले
डगेकी त्यसै होइनन् शासनाले

लुकी सर्पले दाँत गाढ्यो नजाती
गरुन् के वरा ! रातका माझ जाती
परेकी बलात्कारका हातभित्र
चमेली र बेली सरी थिन् पवित्र

कहाँ भुल्दछन् फूललाई विवेकी
रुँदै छन् सबै साथि भाई छिमेकी
गयो नाशिने देह मात्रै ढलेर
खुलेका मिठा भावना छन् बलेर

□

८.

सुनाए कुरो भ्रान्तिलाई पखाल्दै
उनैका मिठा शब्दलाई सँगाल्दै
चल्यो लेखनी क्रान्तिकारी यहाँ छन्
सुनौला कला पोलिएका कहाँ छन् ।

लडेकी भए वासनामा डुबेर
परे सर्दथ्यौं छि: छि: छि: छि: भनेर
फसाए लुछी रातमा हात कस्तै
छली सर्पले धारिला दाँत घस्तै

गर्छन् के कठै ! अन्तरात्मा सफा थ्यो
सफा मुक्तिको धारणा नै ज्यथा थ्यो
सधैं पुग्दथ्यौं भेट्न मानेर गङ्गा
उनी झार्दथिन् स्नेहले आँसु चङ्गा

डुलेकी थिइन् मुक्तिकै आश राखी
नराखी अनास्था कुनै साथि माथि
रहेको भए श्याममा प्रेम गाढा
कहाँ धाउँथिन् नित्य त्योदेखि टाढा

ढलेको भए दुष्टका पाउ पर्दै
कहाँ उठ्दथिन् दिव्य सङ्घर्ष गर्दै
हकार्थिन् सदा सर्वदा दुष्टलाई
"कहाँ पाउला सर्वदा लुछ्नलाई"

नसक्ता त्यसै कालमा पोल खोल्न
थिचो सर्पको–बाघको वंश पोल्न
भयो भूल अज्ञानताबाट एक
खुले चेतना सत्यद्वारा अनेक

सधैं भन्दथिन् "मुक्ति योद्धा रुँदैनन्
सधैं माथि सामन्तशाही हुँदैनन्
घुसे चित्तमा उठ्छ सङ्घर्षकारी
चुडिन्छन् कडा जेलका नेल भारी

उघारेर आँखा हिंडे मार्ग मिल्छन्"
उनैका कुरा घाम झैं नित्य खुल्छन्
"दुखी उठ्तछन् उच्च नेतृत्व पाए
त्यसै ढल्दछन् उच्च नेता नपाए

उठे शोषिने लेक, वेंशी, मधेश
तुवाँलो तथा हट्छ कालो अशेष
जुटे शोषिने ढल्छ त्यो मात्तिएको
नजुट्ता सबै सर्प हो पात्तिएको

हरामो रहेसम्म पापी करेत
रहोस् ठान्छ संसारलाई 'अचेत'
मजा मोजमा, भोजमा डुब्न पापी
विदेशी मिले झुक्छ त्यो हात थापी

खुलाए कुरो निम्छरा वर्गलाई
भरी चेतना उच्च गङ्गा बगाई
गुनी उठ्छ उत्थानशाली समाज
पुराना कुरा पढ्न छोडी नबाज

हसुर्ने कला धूर्तका क्रूर यन्त्र
नजान्नेहरू मान्दछन् तन्त्रमन्त्र
त्यसैको लिदै आड, लुट्छन् लुटाहा
उठे दुष्ट, पाखण्डवादी, फटाहा

पुराना प्रथा दुर्व्यवस्था बढारी
हिंडे अन्तरात्मा सबैले उघारी
नयाँ भावना लोकमा आउनेछन्
उज्यालो मिठो लोकले पाउनेछन्

जहाँ सूर्यको हुन्छ राम्रो ईशारा
त्यहाँ झलमली खुल्दछन् चन्द्र-तारा
विना सूर्य संसार खुल्दैन राम्रो
सबैले गुने हुन्छ उत्थान हाम्रो"

सरोकार राखेर राम्रा कलामा
कुरा खोल्दथिन् नित्य लाली भलामा
खुशीसाथ भन्थिन् लिंदै धैर्य नित्य
"अँध्यारा निशा वासना हुन् अनित्य"

□

९.

जुनी फेरियो भावना झल्मलाए
उनैका कुरा काव्यमा छल्बलाए
खुलाई खुबी हुन् धरामा उठेकी
कला-साधना-सिर्जनामा जुटेकी

मिठो गद्यमा भाव खोलिथन् भएको
उठाई त्यही हो सबै खोलिएको
खुलाए कुरा सम्झनाले रसाई
लिंदै सास लामो नदी झैं सुसाई

धुने दाग गर्दै थिइन् जो उपाय
सुनाई कुरो सत्यता साथ हाय !
खपेकी थिइन् बालकैदेखि दुक्ख
सुसेल्थिन् "मिठो मुक्तिमा मिल्छ सुक्ख

छ ज्वालामुखी सल्कँदै रक्त रातो
चनाखो हुँदै शोषिने वर्ग तातो
खुला मार्गमा पाउ राख्ने उचाली
धराको धुलो फाल्छ धोई पखाली'

कला कर्मले भव्य आलोक पायो
मिठो प्रेरणा धारणाले पलायो
कहाँ चेतना मर्छ कुल्चेर मिच्ता
कहाँ मुक्तिको ज्योति माटिन्छ मिच्ता

किची क्रान्तिको आँत मर्दैन सुक्तै
बुझी लाल झण्डा लिने गिर्छ कुक्तै ?
कला कर्कलोतुल्य गल्दैन ढल्दै
उज्यालो नयाँ भावना दिन्छ बल्दै

ढले झैं हिजो पञ्चशाही नवाफ
छिटै ढल्दछन् गिद्धशैली रवाफ
कहाँ माथि पर्छन् र पाषाणपन्थी
जहाँ डुल्दछन् साम्य सिद्धान्तपन्थी

सबै बोल्दछन् अन्तरात्मा दुखाई
फसायो कठै ! मेघले ज्योतिलाई
कुनै बिर्सने छैन उत्सर्गलाई
दया गर्दथिन् निम्छरा वर्गलाई

न रुन्थिन् उनी कंसले केश लुछ्ता
न रुन्थिन् उनी प्यासले कण्ठ सुक्ता
"बिलौना गरे नीचले हेप्छ" गुन्थिन्
परेको सही सिंहिनीतुल्य हुन्थिन्

बढार्ने
बडा नै अँध्यारो उज्यालो कलाले
मिठो गाउँथिन् कोइलीका गलाले
उज्यालो डुलेको कला काव्यलाई
पढे ऊँ कथा भाव पढ्छन् रमाई

मिठा भावनापुञ्ज हुन्नन् खरानी
शयौं क्रान्तिका खोलिनेछन् कहानी
सधैं माथि पर्दैन पापी नवाफ
उघार्छन् धरालाई लाली गुलाफ

झरून् फूल सुक्तैन मीठो सुवास
डुली मेघ हुन्छन् र तारा उदास !
सुवासै छरी फूल सुक्छन् र फुल्छन्
उज्यालै छरी जून लुक्छन् र खुल्छन्

सुकून् वा लुकून् फूल वा जून तारा
सधैं त्यागको मात्र गर्छन् ईशारा
सहारा विना ढल्दछन् मूर्ख पात्र
कुकर्मी, खुनी श्याम जस्तै कुपात्र

सधैं खान खुंखारले पाउँदैनन्
गए दुष्टका काल फष्टाउँदैनन्
कुकर्मी, खुनी, लाश बन्दैछ ज्यूँदै
रुंदै हात थापेर मागेर गल्दै

थियो जो हिजो मार्तिदै मासु खाई
उही नाङ्गियो आज केही नपाई
खुनी मर्दछन् श्याल, भालु मरे झैं
विवेकी कहाँ मर्छ फिष्टो मरे झैं

जहाँ खेल्दछन् क्रान्तिकारी कवाज
त्यहाँ खुल्छ उत्थानकारी समाज
लुकाए कुरो दाग धोइन्न कालो
तलै पर्दछन् मास्न खोज्ने उज्यालो

ढल्यो चोरका साथमा श्याम पापी
धराबाट लाली उठिन् माथि माथि
सधैं संकना गर्छ कापा उज्यालो
सदिच्छा लिदा पुछ्न कालो तुवाँलो

उज्याली सधैं डुल्दथिन् मुस्कुराई
मुसार्थिन् सबै निर्धनी, दीनलाई
मसीनो मिठो जे मिलोस् साग–पात
जुटाई उनी ल्याउँथिन् मध्यरात

ढलेका सबै साथिलाई उठाई
दिई खान खोल्थिन् मिठा भावलाई
"छकाई खुनीलाई फेरेर भेष
घुमें गाऊँ सारा जगाएर जोश

भुटेको मकै आज गुन्द्रूक ल्याएँ
मिठो पोसिलो हेर भट्मास ल्याएँ
बसेका खपी दुःख, पीडा, अभाव
खुला चित्तले राख्तछन् स्नेहभाव"

मिठो लाग्दथ्यो हर्हरी आँत गर्दा
खुशीसाथ निल्थ्यौं पिठो हात पर्दा
बसेका बखत् गुप्त ओडारभित्र
सुधा ठान्दथ्यौं साग सिस्नो पवित्र

रहन्थे सधैं शब्द मीठा गलामा
"कुनै रोप्न सक्तैन भाला कलामा
कलामा छुचो घून सक्तैन घुस्न
जुकाले सधैं रक्त सक्तैन चुस्न

डुलुञ्जेल कालो तुवाँलो धरामा
कहाँ उब्जनी हुन्छ राम्रो गरामा !
नबाली दियो रात ढल्दैन जालो
बसी चढ्न सक्दैन कोही उकालो

विना पूर्णसङ्घर्ष मिल्दैन भाग
विना भाग जाँदैन हाम्रो अभाग
अभागी र भागी भयौं के कुराले !
गरायो अभागी खुनीका छुराले"

छुरा भाँचियो चोर पल्टे बिलाए
उनैको लिने मार्ग चण्डाल आए
मिले चोर चण्डाल एकाम्य बन्दै
किचे कारले 'पोल खोलिन्छ' भन्दै

खुनी स्याल, भालूहरू चल्मलाए
मुचुल्का विना लाश छोप्तै जलाए
खरानी भयो लाश मात्रै मरेको
कहाँ पोलियो छाप राम्रो परेको

जलेको भए भावना आज गुन्थ्यौं ?
उनैका मिठा भावना हार उन्थ्यौं !
उज्याला कुरा झलझली छाउँदै छन्
मीठा भात कर्मीहरू पाउँदै छन्

कहाँ भुल्छ सत्कर्मको लोक छापा
बनी उठ्छ उत्थानका लागि मापा
"हरामीहरू ढल्दछन् व्याङ तुल्य"
सुनौला डुले भाव–राशी अमूल्य

"म नै खाऊँ, मैमात्र बाचूँ र नाचूँ
लिऊँ मोज, मज्जा, म नै मात्र साँचूँ"
लिने धारणा राक्षसो शान खोजी
हिंडे जीवनै ढल्छ बाटो नखोजी

डुलेमा सफा क्रान्तिको मार्ग हेरी
पिराहा उठी पिर्न सक्दैन फेरि
जुही फुल्दछन् जाइ फुल्छन् चमेली
उठाए यहाँ क्रान्तिकारी हवेली

नदी डुल्दछन् मार्ग आफैं बनाई
बहन्छन् हवा शक्ति आफैं जगाई
स्वयं सूर्य फुल्किन्छ आफैं उदाई
विवेकी स्वयं उठ्छ आत्मा जगाई

दिने ज्योति छन् प्राकृति - पाठशाला
कलाले दरा उर्वरा ज्ञान – वाला
फुले भावना पुञ्ज लाली गुराँस
कहाँ सिर्जना – शील हुन्छन् हतास

सुँघी डुल्दछौं भावनाका सुवास
मिठा भावनाभित्र मिल्छन् मिठास
चढाएर श्रद्धाञ्जली फेरि बोले
उनैका मिठा धारणा हार खोले

"उठे भावना आफुभित्रै छ शक्ति
खपिन्छन् व्यथा राखिए राष्ट्रभक्ति
खुला हाँकले क्रान्तिको द्वार खुल्छ
विवेकी भए साम्य सद्भाव डुल्छ

जहाँ जन्मियौं, हुर्कियौं, डुल्न पायौं
जहाँ ज्ञानका अन्न - वाला फलायौं
त्यहाँको भए उर्वरा खेत वारी
सुखी हुन्छ मान्छे अँध्यारो बढारी

छ नानीसरी रम्य नेपाल हाम्रो
नयाँ सभ्यता ल्याउने भाव राम्रो
भिजाए सफा रक्तले भूमि हाम्रो
स्वयं बन्दछौं बन्छ नेपाल राम्रो

चहारी कुना कन्दरा गाऊँ गाऊँ
उठाई सबैलाइ चाँडै जगाऊँ
जगाई सबैलाइ साँचो बताए
सबै क्रान्तिमा लागिपर्छन् तताए

बहिनी
बहीनि! दिदी ! दाइ ! भाइ सँगाती!
बनौं कर्मले, भावले एक जाति
नजाती कुरा जातका भातका हुन्
छुवाछूतका भावना व्यर्थका हुन्

बुझौं हे बुबा ! हे मुमा ! बुझ्नुपर्ने
सबैमा सुझोस् सत्यता सुझ्नुपर्ने
दले त्रासले देश बिग्रिन्छ बाबा !
उठे आशले देश सप्रिन्छ बाबा !

अँध्यारो कुना, कन्दरामा नजाऊँ
जुटी कर्ममा ज्योतिकातर्फ जाऊँ
नजाउँ रुँदै फेरि पातालतर्फ
बढारेर छाया डुलौं घामतर्फ

डुले देशवासी उज्यालो लिएर
मुमा तुल्य नेपाललाई गुनेर
मुमा ! पाउँला शान्ति आराम भोली
सबैले लिए क्रान्तिको आज बोली

गरौं देशका मुक्तिमा योगदान
गुनी देश यो ज्यानभन्दा महान"
लिदै धारणा गाउँदैछौं कहानी
सधैं बग्दछन् कल्कलाएर पानी

भुलेको भए याद गर्थ्यौं र यस्तो
छ ताजा हुँदै सम्झना आज कस्तो
भनेकी थिइन् अन्त्यमा मित्रलाई
"मलाई भुले सम्झिए देशलाई"

२०५१।४।२१

□

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | भएको | हुनुपर्ने |
|---|---|---|---|
| १ | १ | हिमाल | हिमाली |
| २ | १३ | मठ्याइँदै | मण्ठ्याइँदै |
| १० | ७ | पारि यो | पारियो |
| १० | १३ | मात्र | माग |
| ११ | ३ | त्यागि ती | त्यागिनी |
| १२ | ३ | श्यासलाई | श्यामलाई |
| १२ | ७ | सझिने | संझिने |
| १२ | ११ | चित्र | चित्त |
| १६ | २ | लागायो | लगायो |
| १६ | ४ | लासु | मासु |
| १६ | ६ | घुम्दै | घुर्दै |
| २१ | १३ | क्रान्तिको | कात्तिके |
| २३ | १ | कठे | कठै |
| २६ | १० | बाल | लाल |
| ३० | ६ | बडा नै | बढार्ने |
| ३७ | ६ | बहीनि | बहिनी |



## लेखकका प्रकाशित कृतिहरू

| | | |
|---|---|---|
| १. वसन्त र विरही– | खण्ड काव्य | (२०३४) |
| २. प्रियतम– | " " | (२०३६) |
| ३. अमर भावना– | " " | (२०४१) |
| ४. परिणाम– | " " | (२०४२) |
| ५. आत्मबोध– | " " | (२०४४) |
| ६. अमर शुक्र– | " " | (२०४६) |
| ७. मुक्तिका मुटु– | " " | (२०५०) |
| ८. विजयश्री– | शोक काव्य | (२०४३) |
| ९. सपनाको सुसेली– | कविता संग्रह | (२०४०) |

## अप्रकाशित कृतिहरू

१. कविता– महाकाव्य
२. परिवर्तन– महाकाव्य
३. पुष्पाञ्जलि– महाकाव्य
४. खुल्ला पत्र– कविता संग्रह
५. विजयका बाँसुरी– खण्ड काव्य